# सुरक्षित आवास गृह सञ्चालन कार्यविधि, २०७६

## १. प्रस्तावना :

लैंगिक हिंसा सामाजिक चिन्ताको बिषय बनिरहेको छ । लैंगिक हिंसाबाट प्रायः महिला नै प्रभावित हुने गरेका छन् । कतिपय प्रभावित महिला एक्कासी घरबाट निकालिने गरेको र कहीँ कतै गास-बास नपाएर झन् जोखिममा पर्नु परेको अवस्था पनि छ । महिला हिंसाविरुद्ध शून्य सहनशीलता हुनुपर्दछ । महिला स्वयम्ले, परिवारका सदस्यजनले अनि समुदायका सबैले अन्यायको प्रतिकार गर्नुपर्दछ । सँगसँगै प्रभावित महिलालाई तत्काल संरक्षण गर्ने, न्याय दिलाउने र उनकै पक्षमा पारिवारिक मेलमिलाप कायम गराउने तर्फ पनि त्यतिकै ध्यान दिनुपर्ने भएको छ ।

नेपालको संविधान २०७२ ले गरेको व्यवस्था अनुसार बराहक्षेत्र नगरपालिकाले विशेष गरी यस नगरपालिका कार्यक्षेत्र भित्र बसी सेवा लिनुपर्ने गरी अन्य निकायबाट आपतकालिन अवस्थामा सम्प्रेषण भई आएका लैंगिक हिंसाबाट पीडित महिलाहरुलाई तत्काल अल्पकालिन सेवा र सुविधा पुऱ्याउनका लागि स्थानिय सरकार सञ्चालन ऐन को दफा १०२ मा भएको व्यवस्था बमोजिम सुरक्षित आवास गृह संचालन कार्यविधि, २०७६ तयार गरिएको छ ।

## २. उद्देश्य :

बराहक्षेत्र नगरपालिका न्यायीक समिति अन्तर्गत सहकारी संस्था, निगरानी समूहको समन्वयमा निरोधात्मक सामाजिक जागरण ल्याउनुका साथै अधिकारवादी सोचबाट प्रभावित महिलाका लागि छिमेकी सहयोग एवं समुदायदेखि नै यथासक्य उपचारात्मक सेवाहरु सुलभ गराएर न्याय दिलाउनु यस सुरक्षित आवास गृहको उद्देश्य हो ।

## ३. संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्यविधिको नाम "सुरक्षित आवास गृह संचालन कार्यविधि, २०७६" रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## ४. बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

ख) “लैंगिक हिंसा” भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

ख) “कार्यविधि” भन्नाले सुरक्षित आवास गृह संचालन कार्यविधि, २०७६ लाई सम्झनु पर्दछ ।

ग) “स्थानिय तह” भन्नाले बराहक्षेत्र नगरपालिकालाई जनाउने छ ।

घं) “निर्देशन समिति” भन्नाले सुरक्षित आवास गृह संचालन कार्यविधि अनुसार गठन भएको समितिलाई जनाउने छ ।

ङ) “समन्वय समिति” सुरक्षित आवास गृह संचालन कार्यविधि अनुसार गठित समितिलाई जनाउने छ ।

**५. कार्यक्षेत्र :**

क) आवास गृहको कार्यक्षेत्र हालको स्थानिय तहको कार्यक्षेत्र हुनेछ ।

**६. कार्य जिम्मेवारी :**

सुरक्षित आवास गृहको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क) निर्धारित प्रकृयाबाट सम्प्रेषित प्रभावित महिलाका लागि स्वीकृत मापदण्ड मुताविकको बस्ने-खाने व्यवस्था भएको सुरक्षित अल्पकालिन आश्रय सञ्चालन गर्ने ।

ख) खण्ड (क) बमोजिम आरक्षित महिलाले निजको अवस्था अनुसार स्थानीयस्तरमा नै प्राप्त गर्नु पर्ने निम्नलिखित सेवाहरु गर्ने

- लागेको चोटपटकको औषधोपचार ।
- मनो सामाजिक विमर्श ।
- न्यायमा पहुँच दिलाउन आवश्यक कानूनी परामर्श एंव सेवा ।
- कानून कार्यान्वयन गर्ने निकायसँग सम्पर्क सेवा ।
- समन्वय समितिले तोकेका अन्य सेवा ।

ग) गम्भीर प्रकृतिको घटना भएको वा पारिवारिक मेलमिलापको पहल व्यर्थ भएको खण्डमा प्रभावित महिलालाई तत्काल संरक्षणमा लिएर आवश्यकता अनुसार खण्ड (ख) बमोजिम सेवा प्रदान गर्ने ।

घ) सुरक्षित आश्रय आवश्यक नपर्ने तर खण्ड (ख) मा उल्लेखित सेवा आवश्यक पर्ने निर्धारित प्रकृयावाट सम्प्रेषित महिलाका हकमा पनि आवश्यक सेवा दिने ।

ङ) सेवा प्राप्त प्रभावित महिलालाई हकभोग, पारिवारिक पुर्नमिलन, बैकल्पिक पुन:स्थापनाका लागि सम्प्रेषकलाई समन्वय गरी फिर्ता गर्ने ।

च) स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने चोटपटक भएमा, जटिल मनोसामाजिक समस्या भै थप मनोसामाजिक विमर्श आवश्यक परेमा कानूनी उपचार चाहेमा आवास गृह सञ्चालन गर्ने संस्थाले स्थानिय तहमा अनुरोध गर्ने ।

छ) फिर्ता सम्प्रेषित प्रभावित महिलाको अवस्थानुसार हकभोग, पारिवारिक पुर्नमिलन तथा घटनाको पुनरावृत्ति नहोस् भनि अनुसरण लगायतमा यथाशक्य सहजीकरण सम्बन्धित स्थानीय तहले गर्ने ।

ज) स्थानीय तहका निगरानी समूह, समिति संघ/संस्थासँग निरन्तर सम्पर्क समन्वय गर्ने

झ) विभिन्न सेवामा प्रभावित महिलाको पहुँच स्थापना गर्न स्थानीय सेवा-प्रदायक माझ अधिवाचन एंव सञ्जालीकरण गर्ने ।

ञ) आवास गृहको मासिक चौमासिक र वार्षिक भौतिक एवं वित्तिय प्रगति प्रतिवेदन तयार गरी स्थानीय तहको सामाजिक विकास शाखामा पेश गर्ने ।

ट) लैंगिक हिंसाको रोकथामका लागि घटना घटि हालेको खण्डमा छिमेकीका नाताले प्रभावित महिलाको पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने ।

ठ) प्रचलित कानून बमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गर्नुपर्ने कार्य सुरक्षित राख्नु पर्ने प्रमाण उपचारका बारे प्रभावित महिलालाई परामर्श दिनुका साथै आवश्यकता अनुसार न्यायीक समितिवाट गर्ने ।

ड) आवास गृहको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई नगरपालिकाको नगर कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

ढ) पारिवारिक पुर्नमिलनको प्रयत्न फलदायी नभएको तथा गरी खाने आधार केहि पनि नभएको प्रभावित महिलाको हकमा जीविकोपार्जन अनुदानको रुपमा आर्थिक सहायता दिन कोषको व्यवस्थाका लागि सम्बन्धित स्थानिय तह समन्वय समितिले प्रकृयामा लाने।

ण) सुरक्षित आवास गृहको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई स्थानिय तहको समन्वय समितिले तोकेको अन्य कार्य गर्ने ।

**७. सञ्चालन मापदण्ड :**

१) आवास गृहले अनाथ, असहाय, हिंसा प्रभावित तथा जोखिममा परेका महिला तथा बालबालिकाको लागि कपडा, खाद्यान्न मनोसामाजिक विमर्श लगायतको सहयोग उपलब्ध गराई सुरक्षित अल्पकालिन आश्रय सहितको आवास गृहमा संरक्षण सम्बर्धन गर्नुपर्नेछ ।

२) सुरक्षित अल्पकालिन आश्रय सहितको आवास गृह सञ्चालनका लागि सो सँग सम्बन्धित क्रियाकलापको विस्तृत विवरण वराहक्षेत्र नगरपालिकाको समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ ।

३) सुरक्षित अल्पकालिन आश्रय सहितको सेवा गृहमा लैंगिक हिंसा प्रभावितलाई सेवा दिन वा आश्रय दिनको लागि वराहक्षेत्र नगरपालिकाले तोकिएको आदेशानसार राख्ने ।

४) समन्य समितिले आवश्यकता अनुसार नियमित अनुगमन गर्ने र मासिक रुपमा कार्यविवरण लिनु पर्ने ।

५) बराहक्षेत्र नगरपालिकाभन्दा बाहिरको प्रभावितलाई सेवा दिनु पर्दा वा आवास गृहमा आश्रय दिनुपर्ने भएमा बराहक्षेत्र नगरपालिकाको न्यायीक समितिबाट स्वीकृति लिएर मात्र राख्नुपर्ने । र सम्बन्धित जिल्लाको स्थानीय निकायमा सम्प्रेषणको लागि प्रक्रियामा लानु पर्ने ।

६) बराहक्षेत्र नगरपालिकाले आवश्यकता अनुसार नियमित अनुगमन गर्न सक्नेछ र मासिक रुपमा कार्यविवरण लिनु पर्ने ।

**८. सेवा लिने प्रकृया/सम्प्रेषण :**

क) पिडित महिलाको मौखिक वा लिखित निवेदन लिने दफा ५ अनुसारको महिला संस्था वा अन्तर्गतको समितिको तर्फवाट सिफारीस भई आएको ।

ख)	कार्यक्षेत्र वाहिरका महिलाको हकमा समन्वय समितिको विषेष निर्णयको आधारमा महिला तथा सामाजिक शाखाको तर्फवाट,सम्प्रेषकको तर्फवाट सेवा केन्द्रमा सिफरिस गर्दा कुन-कुन सेवाका लागि हो जनाउनु पर्दछ र प्रभावित महिलासँग बालबालिका पनि भए उनीहरुको विरण समेत खुलाउनु पर्दछ । माथि जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित स्थानीय तहको स्वीकृत लिएरमात्र सेवा दिनु पर्नेछ ।

**९. अवधिः**

प्रभावित महिलाको हकमा सुरक्षित आवास गृह अन्तर्गत ३० दिन सम्म र विषेश अवस्था परेमा नगरपालिका अन्तर्गत यस कार्यविधि बमोजिम गठित समन्वय समितिको निर्णय बमोजिम १५ दिन थप गरी ४५ दिन सुरक्षित आवाशगृहमा राख्न सकिनेछ ।

सुरक्षित आवास गृहको आश्रयमा प्रभावित महिलालाई माथि उल्लेखित अवधिसम्म एकैपल्ट वा पटक-पटक गरेर राख्न सकिनेछ । प्रभावित महिलाको साथी आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकै पटक वा पटक-पटक गरेर ७ दिन सम्म सुरक्षित आवास गृह वस्ने अनुमति दिन सकिनेछ ।

**१०. सुरक्षित आवास गृह लक्षित वर्ग :**

सुरक्षित आवास गृहमा आश्रय लिन लक्षित वर्ग देहाय बमोजिम हुनेछः-

- घरेलु हिंसा पिडित तथा पिडित आश्रित नाबालक
- लैगिक हिंसा पिडित तथा पिडित आश्रित नाबालक

**११. आवासको मापदण्ड**

क) परिसर

आवास गृह परिसर देहाय बमोजिम हुनुपर्दछ :

- चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको,
- हाताभित्र गृह अनुसारको खुल्ला ठाउँ रहेको,
- आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान,

ख) आवास गृह

आवास गृह देहाय सुविधा सम्पन्न हुनुपर्दछ :

- दुवैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरु,
- प्रभावित बालबालिकाका लागि अलग्गै बालमैत्रि कोठा,
- मनोसामाजिक विमर्शका लागि छुट्टै कक्ष,
- शौचालय तथा स्नान कक्ष, पानी, नुवाइ-धुवाइ, सरसफाईका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर संकलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादि,

ग) लुगाफाटो

भर्ना भएका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ :

- दरी, कम्मल, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोल समेत एक-एक थान ओड्ने ओछ्याउने लुगा नभएकालाई एकसरो लगाउने लुगा ।

घ) खानेकुरा

दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिले तोके बमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहाय बमोजिम हुनुपर्दछ :

- विहान चियासँगै खाजा, दिउँसो खाना, बेलुकी खाना, बालबालिकाको हकमा उमेर अनुसार आवश्यक खाना ।

ङ) स्वास्थ्य उपचार

स्थानीय तह समन्वय समितिले तोकेको अस्पतालमा संरक्षणमा लिइएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनु पर्दछ । स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सुनिश्चित गर्नु पर्दछ :

- प्राथमिक उपचार बाकस, समस्या हेरी नियमित उपचार, आकस्मिक उपचार बालबालिकाका हकमा उमेर अनुसार लगाउनुपर्ने खोप ।

च) मनोसामाजिक विमर्श

स्थानीय तह समन्वय समितिले निर्धारण गरेको योग्यता हासिल गरेको विमर्शक (Counsellor) बाट देहाय बमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ :

- संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा, संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा ।
- सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

छ) कानुनी सेवा

देहायमा उल्लिखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ :

- प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।
- प्रभावित महिलाले प्रचलित कानुन बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

ज) सञ्चालन

आवास गृहका सेवाहरुको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ :

- प्रभावित महिलालाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित ।

झ) आचारसंहिता

- प्रभावित महिलाको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरितको कुनै पनि कार्यमा प्रतिबन्ध ।
- आवास गृहमा भेटघाट कक्षभन्दा उता बस्ने अनुमति प्राप्त अनि चिकित्सक, अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही ।
- निर्देशन समितिले तोके बमोजिम खोल्ने गरी आवास गृहमा उजुरीपेटिकाको व्यवस्था ।
- सुरक्षित आवास गृहमा सेवा लिने पीडितको गोपनीयता कायम राख्ने ।

ञ) जनशक्ति

- केन्द्र प्रमुख एक जना, व्यवस्थापक एक जना, चौकीदार एक जना र (आंशिक समय) भान्छे, सरसफाईकर्मी आवश्यकता अनुसार ।
- मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकार भनेका बेला उपलब्ध हुने गरी सम्पर्कमा रहने ।

**तलब :**

| | |
|---|---|
| आवास गृह प्रमुख एक जना | मासिक रु.५०००।- (यातायात खर्च) |
| व्यवस्थापक एक जना | मासिक रु.१२०००।- देखि १५०००।- बस्न खानको व्यवस्था हुनेछ । |

| | |
|---|---|
| चौकीदार एक जना | मासिक रु.४०००।- । उक्त बजेट नगरपालिकाबाट व्यहोर्नु पर्नेछ । |

ट) अभिलेख

आवास गृहले देहाय बमोजिम अभिलेख राख्नुपर्दछ :

- प्रभावित महिलाको नाम दर्ता किताब ।
- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब ।
- प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल ।
- दोहोरो लेखा प्रणालीमा आवास गृहको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात ।
- निर्देशन समितिको निर्णय किताब ।
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवा पिच्छे लगत र प्रगति प्रतिवेदन, अनुसरण रेकर्ड ।
- समन्वय समितिले तोकेको अन्य अभिलेख ।

**१२. खर्चका मानक :**

आवास गृहबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहाय बमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ :

क) घर भाडा : आवास गृहका साथै सुरक्षित अल्पकालीन आश्रयका लागि लिइने घरको भाडा वापत साधारणतया समन्वय समितिले घर हेरी स्वीकृत गरेको रकम ।

ख) मालसामान : डस्ना, पर्दा, खाट, बिस्तरा, भाँडाकुँडा, टेलिभिजन, खातापाता लगायतका स्थापनाका लागि आवश्यक खप्ने मालसामान मध्ये हाल फेर्नु वा थप गर्नुपर्ने भए शैया क्षमता समेतको विचार गरी साधारणतया रु.५०,०००।- ननाघ्ने गरी समन्वय समितिले औचित्यका आधारमा स्वीकृत गरेको रकम ।

ग) औषधोपचार : समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा ( बिरामी तथा कुरुवा समेतको जोडेर) निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च ।

१)  आवास गृहमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चवापत जम्मा रु.२०००।- सम्म ।

२)  अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्चवापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु.३००।- गरी जम्मा रु.६,५००।- सम्म ।

३)  विशेष अवस्थामा समन्वय समितिले विशेष निर्णय गरेकोमा थप रु.४,०००।- सम्म ।

**१३. कानुनी उपचार :**

क)  एक जना साथी समेत कानुनी निकाय तथा सिफारिसमा अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवा वापत (साथीसमेत जोडेर) निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च समन्वय समितिले आवश्यकता महशुस गरेको खण्डमा ।

ख)  सामान्य अवस्थामा प्रतिव्यक्ति रु.२,५००।- सम्म विशेष अवस्थामा समन्वय समितिले विशेष निर्ण गरेकोमा थप रु.२,५००।- सम्म ।

ग)  फुटबर : अल्पकालिन आश्रयमा रहेको दिन जति प्रभावित महिलालाई मात्र फुटकर खर्च वापत प्रतिव्यक्ति दैनिक रु.१५।- ।

घ)  फिर्ता सम्प्रेषण : फिर्ता सम्प्रेषण गर्दा साथी समेतेको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्च वापत प्रतिव्यक्ति रु.५०।- र बास बस्नुपर्नेमा बस्ने खाने खर्च वापत प्रतिव्यक्ति दैनिक रु.३००।- ।

ङ)  खानेकुरा : अल्पकालिन आश्रयमा रहेको अवधि भर प्रभावित महिला दैनिक रु.३००।- ।

च)  मनोसामाजिक विमर्श : प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु.१,०००।- सम्म ।

छ)  लुगाफाटो : प्रभावित महिलाको कपडा च्यातिएर, रगताम्मे भएर वा एकसरो मात्र भएर अवस्था भएकोमा न्यूनतम रुपमा नभइ नहुने

अत्यावश्यक लुगाफाटो किन्न प्रति व्यक्ति रु.१५००।- सम्म, समन्वय समितिले आवश्यक ठानेमा

ज) जीविकोपार्जन अनुदान : कोष खडा गर्नुपर्ने ।

झ) बैठक खर्च : समितिको बैठक सञ्चालन खर्च वापत अधिकतम रु.३६,०००।-

**१४. समन्वय समिति :**

सुरक्षित आवास गृह संचालनका लागि देहाय बमोजिमको समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| अध्यक्ष | - नगर प्रमुख |
| सदस्य | - उप-प्रमुख |
| सदस्य | - प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य | - ईलाका प्रहरी कार्यालय प्रमुख |
| सदस्य | - स्वास्थ्य शाखा संयोजक |
| सदस्य | - कानुन अधिकृत |
| सदस्य | - शिक्षा शाखा प्रमुख |
| सदस्य | - महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख |
| सदस्य | - गैर सरकारी संस्थाबाट महिला अधिकारकर्मी |
| सदस्य सचिव | - सामाजिक विकास शाखा प्रमुख |

**१५. निर्देशन समिति :**

आवास गृह सञ्चालनमा मार्गदर्शन प्रदान गर्न, प्रदत्त सेवाहरुको गुणस्तर सुनिश्चित गर्न र विभिन्न सेवा-प्रदायक माझ सहकार्यलाई बढावा दिन समेत स्थानीय तह समन्वय समितिबाट देहाय बमोजिमको एक निर्देशन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| बराहक्षेत्र नगरपालिकाको उप- प्रमुख | - संयोजक |
| कानुन, प्रहरी, स्वास्थ्य र शिक्षा शाखाका अधिकृत वा प्रतिनिधी | - सदस्य |
| महिला अधिकारकर्मी, संचारकर्मी, लैंगिक हिंसा बिरुद्ध कार्यरत | |

गैससबाट समन्वय समितिले मनोनयन गरेका तीन जना - सदस्य

महिला, बालबालिका तथा सामाजिक शाखा प्रमुख - सदस्य सचिव

**१६. कार्यविधि संशोधन :**

कार्यविधि संशोधन गर्न आवश्यक भएमा समन्वय समितिको निर्णयानुसार कार्यपालिका समक्ष पेश गरेमा नगर कार्यपालिकाबाट आवश्यक संशोधन हुनेछ ।

**प्रमाणिकरण गर्नेको :**

दस्तखत :

नाम, थर : मनु कुमार लिम्बु सुब्बा

दर्जा : नि. प्रमुख प्रशासकीयक अधिकृत

पृष्ठ संख्या : ११

मिति : २०७६।११।०४

कार्यालयको छाप :